स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री स्वस्तिमा खड्काले एउटा फोटो सेयर गर्दै लेखेकी थिइन्, "नेपालका कतिपय ठाउँमा, जहाँ सायद मेरा फिल्महरु पुग्न सकेनन्, त्यहाँ मेरा गीतहरूले मलाई पुऱ्याइदिए। मेरो करियरमा गीतहरुको भूमिका एकदमै ठूलो छ।" उनले यो प्रसङ्ग उप्काउनुको कारण हो, "मायालाई के दिऊँ म बैना"ले पाएको सफलता। यो गीतले युट्युबमा पाँच करोडभन्दा बढी भ्युज पाएपछि दङ्ग पर्दै स्वस्तिमाले उक्त पोस्ट गरेकी हुन्। यो गीत फिल्म "लालिबजार"को हो।

आजको विचार...



प्रा. देवीभक्त ढकाल

पसिना...
(दुई पेजमा)



चलचित्र "कबड्डी ५: आफ्टर द फाइनल म्याच"ले घरेलु बक्सअफिसमा राम्रो "पर्फर्मेन्स" गर्दा अभिनेता दयाहाङ राईका दुईवटा चलचित्र लगातार "सुपर हिट" भएका छन्। दयाहाङका सिनेमालाई "सुपर हिट"को ट्याग दिएको हो, देशकै ठूलो मल्टिप्लेक्स चेन क्युएफएक्सले। सुरुमा दयाहाङ मुख्य भूमिकामा रहेको चलचित्र "पेन्सन पट्टा"ले "सुपर हिट"को ट्याग पाएको थियो। माओत्से गुरुङको लेखन तथा निर्देशन रहेको चलचित्र "पेन्सन पट्टा"ले आइतबारसम्म १० करोड २३ लाख रुपैयाँ ग्रसकलेक्सन गरिसकेको छ।

❒ वर्ष ३२ ❒ अंक ९६ ❒ २०८३ कार्तिक १२ गते बिहीबार 29 October 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आन्ध्र प्रदेशमा ३ जनाको मृत्यु, ७०० बढी गाउँ प्रभावित

एजेन्सी

**काठमाडौं,** कार्तिक ११/शक्तिशाली चक्रवात अर्नबको वितण्डाका कारण भारतको आन्ध्र प्रदेशमा तीन जनाको मृत्यु भएको छ भने ३१ वटा घरमा क्षति पुगेको छ । राष्ट्रिय विपद् प्रतिक्रिया बल (एनडीआरएफ) का वरिष्ठ अधिकारीका अनुसार तटीय राज्य आन्द्र प्रदेशका ७१४ वटा गाउँ यस आँधीबाट प्रभावित भएका छन् । अत्यधिक प्रभावित हुने अनुमान गरिएका आन्द्र प्रदेश र ओडिसाका साथै छत्तीसगढ, झारखण्ड, पुडुचेरी, तेलङ्गाना र अन्डामान तथा निकोबार द्वीपसमूहमा पनि एनडीआरएफ टोली परिचालन गरिएको छ । एनडीआरएफका महानिरीक्षक (आईजी) नरेन्द्र सिंह बुन्देलाले पत्रकार सम्मेलनमा यी सबै क्षेत्रमा गरी कुल ३९ वटा टोली खटाइएको जानकारी दिएका छन् । उनका अनुसार गएराति थप चार वटा टोली आन्द्र प्रदेश पठाइएको छ । चक्रवात अर्नब दक्षिणी राज्य आन्द्र प्रदेशको तटीय क्षेत्रमा ठोक्किएको थियो । तटीय क्षेत्रमा ठोक्किएपछि यो अति गम्भीर चक्रवाती आँधीबाट केही कमजोर भई गम्भीर चक्रवातमा परिणत भएको जनाइएको छ ।

# दुना-टपरी उद्योगमा जुटे तानसेनका महिला

## खेर गएका सालका पातबाट आम्दानी

रामचन्द्र रायमाझी

**पाल्पा,** कार्तिक ११/दुना-टपरी उद्योग खोलेर तानसेनका महिला स्वरोजगार बन्न थालेका छन् । वनमा खेर जाने सालका पातलाई सदुपयोग गर्दै परम्परागत सीपलाई व्यावसायिक रूप दिएपछि तानसेन नगरपालिका-२ का महिलाका लागि आम्दानीको नयाँ बाटो खुलेको हो ।

स्थानीय सात महिलाले सामूहिक रूपमा सञ्चालन गरेको दिदीबहिनी कुटिर उद्योगबाट दैनिक करिब एक हजार दुना-टपरी उत्पादन हुँदै आएको छ । चार लाख रुपैयाँ लगानीमा सञ्चालन गरिएको उद्योगबाट मासिक २५ देखि ३० हजार रुपैयाँसम्म आम्दानी हुने गरेको उद्योगकी अध्यक्ष कल्पना पौडेलले बताइन् । उनका अनुसार परम्परागत रूपमा गाउँघरमा महिलाहरू भेला भएर सालका पातबाट दुना-टपरी गाँस्ने चलनलाई आधुनिक प्रविधिसँग जोडेर व्यावसायिक उत्पादन सुरु गरिएको हो । मेसिनको प्रयोगबाट तयार गरिएका दुना-टपरी हातले



बनाइएका भन्दा आकर्षक र बलिया हुने उनको भनाइ छ । "दुना-टपरी उत्पादनले महिलालाई आम्दानीको अवसर दिएको छ । यसले भोजभतेरमा प्रयोग हुने प्लास्टिकका प्लेटलाई प्रतिस्थापन गर्न पनि सहयोग पुऱ्याएको छ," पौडेलले भनिन् । गाउँका वनहरूमा सालको रुख प्रशस्त भएपनि त्यसको पात टिपेर ल्याउने जनशक्ति नहुँदा माग अनुसारको उत्पादन गर्न नसकिएको उनको भनाई छ । काम गर्ने हो भने पात मात्रै टिपेर पनि दिनको पाँच सयदेखि एक हजार सम्म कमाउन सकिने अवस्था रहेको पौडेलले बताइन् ।

उनले भनिन् "लाफा बनाउने, टपरी उत्पादन गर्नेले पनि राम्रै कमाउने गरेका छौं ,घरमा त्यतिकै बसेर समय खेरा फाल्नुभन्दा टुना टपरी बनाएर बेच्ने हो भने घरखर्च पुग्ने आम्दानी हुने गरेको छ ।" चार लाख लगानीमा सञ्चालन गरेको उद्योगबाट अहिले राम्रै आम्दानी हुँदै आएको छ । उद्योग सञ्चालनमा आएपछि पहिले घरमै बसेर समय बिताउने महिला अहिले नियमित रूपमा उत्पादन कार्यमा संलग्न हुन थालेका छन् । सामूहिक रूपमा काम गर्दा सीप आदानप्रदान हुनुका साथै आम्दानीको अवसर पनि सिर्जना भएको उद्योग सञ्चालक मञ्जु रेग्मीले बताइन् । दुना-टपरी उत्पादनका लागि सुरुमा वनमा पाइने सालका पात संकलन गरी बाँसका सिन्काको सहायताले लाफा बनाइन्छ । त्यसपछि तयार पारिएको लाफालाई मेसिनमा राखेर विभिन्न आकारका दुना-टपरी बनाउने गरिएको छ । मेसिनबाट एक मिनेटमा एउटा दुना-टपरी बनाउन सकिने रेग्मीले बताइन् ।

*-बाँकी अन्तिम पेजमा...*

## स्वस्थ रहन: जीवनशैली परिवर्तन गरौं

**असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन् ।**

**त्यसैले,**

- स्वस्थ र सन्तुलित खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# सहकारीले गाउँमै दूध सङ्कलन गरेपछि किसानलाई सहज

**दाङ,** कार्तिक ११/ घोराही उपमहानगरपालिका-१ सुकाखोलाका बमबहादुर थापाले दैनिक ९५ लिटर दूध उत्पादन गर्छन् । उनलाई पछिल्लो समय दूध कहाँ बिक्री गर्ने भन्ने चिन्ता छैन ।यहीँ कात्तिक १ गतेबाट घोराही उपमहानगरपालिका-२ रामपुरमा रहेको साना किसान कृषि सहकारी संस्थाले दूध किनेर बिक्रीको प्रबन्ध मिलाएको छ । जसले गर्दा संस्थाका सदस्य तथा वडा नं १, २ र ४ का पशुपालक किसानलाई सहज भएको उनी बताउँछन् ।

थापालाई मात्र होइन उनीजस्तै धेरै किसानलाई दूध बिक्रीका लागि घोराही आउनुपर्ने बाध्यता हटेको छ । "आफू नै आवद्ध भएको सहकारी संस्थामा दिन्छौँ", थापाले भने, "सहकारीमार्फत दूध बेच्न निकै सजिलो भएको छ ।" मासिक करिब रु दुई लाखको दूध घरनजिकैबाट बिक्री गर्न पाउँदा उनी खुसी छन् । मासिक रूपमा एक लाख ८० हजारदेखि दुई लाखसम्मको



कारोबार गर्दै आएको र त्यसबाट आधा रकम बचत गर्ने गरेको उनले बताए । विसं २०७७ बाट सुकाली गाई फार्म सञ्चालन गरेर गाईपालन गर्दै आएका थापाको फार्ममा अहिले सानाठूला गरेर २१ वटा गाई छन् । उमेरले ४२ वर्ष पुगेका उनले दूध बिक्रीका लागि घोराही आउनुपर्ने बाध्यता अन्त्य हुँदा पैसा र समयको बचत भएकाले यो कार्यलाई सहकारीले आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने बताए । पछिल्लो समय गाउँमै सहकारीले दूध सङ्कलन गर्न थालेपछि बजारका डेरीहरूले दूध नपाइने चिन्ताले पशु सुत्केरी भत्ताबापत रु दुई हजार ५०० दिने कार्य यहीँ कात्तिक १ गतेबाट सुरु गरेको हुँदा यसले अन्य किसानलाई फाइदा पुगेको उनले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## धान जोगाऔं

मौसमविद्हरूले कार्तिक १२ गतेदेखि मौसमी प्रणाली सक्रिय हुँदै १४ गतेसम्म देशका विभिन्न क्षेत्रमा वर्षाको गतिविधि बढ्न सक्ने चेतावनी दिएका छन् । विशेषगरी चट्याङ, हावाहुरीसहित मध्यमदेखि भारी वर्षा तथा हिमपात हुन सक्ने पूर्वानुमान छ । यसअघि नै विपद्को जोखिम देखिएको अवस्थामा थप वर्षाले परिस्थिति जटिल बनाउन सक्ने चिन्ता स्वाभाविक छ । यस्तो अवस्थामा मौसमको पूर्वानुमानलाई केवल सूचना ठान्नु ठूलो भूल हुनेछ । यो राज्य संयन्त्र र नागरिक दुवैका लागि पूर्वतयारीको संकेत हो । अझ यो कात्तिक महिना नेपाली किसानले धान काटेर भण्डारण गर्ने मौसम हो । देशको मुख्यबाली धान नै किसानले राम्ररी थन्क्याउन पाएनन् भने त्यसको प्रत्यक्ष असर प्रत्येकको भान्छामा पर्छ । जीवनमा पर्छ । यतिबेला देशभरका फाँट धान झुलेर पहेँलपुर छन् । चिन्ता चाहिँ कतिखेर पानी परेर धानबाली नष्ट गर्ने हो भन्ने छ ।

तराई मधेसमा थुप्रै खेतका धान काट्न बाँकी पनि छ । थुप्रै खेतमा धान काटेर सुकाइएको छ । हाम्रो खेती प्रणाली आकाशे पानीको भर पर्ने मामलामा मात्रै परम्परागत छैन । थन्क्याउने र भित्र्याउने मामलामा पनि परम्परागत नै छ । कि हामी धान काटेर केही दिन खेतमै सुकाउँछौं । सुकाउन बाध्य छौं । त्यसो त धान काटेपछि सुकाउनै पनि पर्छ । होइन भने ओसिलो धान हक्कुवा हुन्छ । ओभानो बनाएपछि मात्रै खानयोग्य बन्छ । किसानले धान नरोपे, सर्वसाधारणमात्रै होइन, सरकारमा बस्नेहरू, राज्य हाँक्नेहरूको पनि पेट भरिन्न । त्यसै आउँदो मौसमबाट धान जोगाउनतर्फ सबैले ध्यान दिनुपर्छ । विपत्ति रोक्न सधैं सम्भव नहोला, तर त्यसबाट हुने क्षति भने पूर्वतयारी र सचेतनाबाट धेरै हदसम्म कम गर्न सकिन्छ । त्यसैले विपत्ति आएपछि पछुताउनुको सट्टा आउनुअघि नै सचेत र तयार हुनु आजको आवश्यकता हो ।

## Opinion @ Social Network

आफ्नो कर्म को फल त मिल्छ नै,
अब तिमिले कति पाप कति पुण्य गरेको छौं त्यो त्यसैमा भर पर्छ।
*(शंकर लम्तरीको फेसबुक स्टाटसबाट www.facebook.com/Shankar.Lamtari)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पसिना बगाउने माटोमा कि बाटोमा ?



**प्रा. देवीभक्त ढकाल**

पसिना बगाउने माटोमा कि बाटोमा ? भन्ने प्रश्न श्रम गर्ने क्षेत्रको छनोटमात्र होइन, यो नागरिकको स्वास्थ्य, राष्ट्रको अस्तित्व, स्वाभिमान र भावी पुस्ताको जीवनसँग जोडिएको गम्भीर प्रश्न हो । नेपालको उर्वर र सिर्जनशील भूमिमा श्रम, पसिना र सीप खर्चिएर अन्नबाली, तरकारी, फलफूल तथा जैविक खाद्यान्न उत्पादनको कामलाई माटोमा पसिना बगाउने भनिन्छ । यसले स्वास्थ्य सुरक्षा, उत्पादनमुखी अर्थतन्त्र, खाद्य सुरक्षा, आत्मनिर्भरता र प्रकृतिसँगको सम्बन्धलाई संकेत गर्छ । अर्कोतर्फ, बाटोमा पसिना बगाउनु भन्नाले सुगर, प्रेसर रोगबाट बच्न सडकमा दौडेर अनुत्पादक पसिना बगाउनेदेखि वैदेशिक मरुभूमि वा शहरका सडकहरूमा अल्मलिएर भौतिकवादी उपभोगतर्फ दौडिनु, राजनीतिक नाराबाजी र भाषणबाजीमा उमेर खेर फाल्नु तथा देशको माटोलाई बाँझो छाडेर निर्जीव सडकहरूमा मात्रै पसिना बगाउने तर परिणाम शून्य निकाल्ने संस्कृतिलाई जनाउँछ । माटोमा पसिना काढ्नेहरूले दुई प्रकारका लाभहरू एकैचोटि प्राप्त गर्छन् भने बाटोमा पसिना काढ्ने दौडमा मुस्किलले एकोहोरो लाभ हुन्छ । माटोमा श्रम गरेर उत्पादनमूलक पसिनाको महत्त्व छ । त्यो महत्त्व सुगर, प्रेसर कम गर्न बाटोमा काढ्ने पसिनामा हुन्न । माटोको पसिनाको महत्त्व र उपादेयता आजको युगतिलकमा उभिएर हेर्दा अत्यन्तै मार्मिक देखिन्छ । देशको जमिन बाँझो राखेर आयातित विषादीयुक्त अन्न र तरकारीमा जिब्रोको स्वादको दास बन्ने हो भने स्वाधीनता केवल कागजी खोस्टोमा सीमित रहनेछ । तसर्थ, यस शीर्षकले हामीलाई परनिर्भरताको जञ्जिर चुँडालेर आफ्नै माटोको सुगन्धसँग जोडिन झक्झक्याउँछ । आज हाम्रो भान्सामा पाक्ने चामलदेखि लसुन, प्याज, आलु र हरिया तरकारीसम्म आयातित हुनुले हामी कति ठूलो परनिर्भरताको दुष्चक्रमा फसेका छौं भन्ने छर्लंग पार्छ । जब हामीले आफ्नो राष्ट्रिय श्रमलाई माटोमा लगानी गर्नुको साटो विदेशका वा स्वदेशका सडकहरूमा लगायौं तब नेपालजस्तो उर्वर भूमि भएको देश पनि अन्नमा परनिर्भर बन्यो । देश संकल्प, कार्यक्रम, भाषणले मात्रै बन्दैन । देश नागरिकको निस्वार्थ पसिनाले बन्छ । त्यो पसिना फेरि बाटोमा वा मञ्चका भाषणमा बगाएर बन्दैन, यो त देशको छातीजस्तै फराकिलो माटोमै बगाउनुपर्छ । वर्तमान सरकारलगायत स्थानीयदेखि संघीय सबै तहका निकायहरूले सबै उमेर समूहका नेपालीहरूलाई पसिना माटोमा बगाउने सशक्त योजना र कार्यक्रम बनाउनुपर्छ । कृषि उत्पादन केवल किसानको मात्र ठेक्का होइन । अनिवार्य रूपमा माटोमा पसिना बगाउनुपर्ने नियम निजामती कर्मचारी, विद्यार्थी, शिक्षक, प्राध्यापकलगायत राजनीति, व्यापार र उद्योग क्षेत्रका जिम्मेवार नागरिकसमेतमा लागू गरिनुपर्छ । जबसम्म देशका नीतिनिर्माता, पढेलेखेका बौद्धिक वर्ग र शासकहरूले हिलो र माटोमा हात हाल्दैनन् तबसम्म देश खाद्यान्नमा आत्मनिर्भर हुन सक्दैन । हरियो क्रान्तिका नाममा हामीलाई थमाइएको रासायनिक मल, उन्नत बिउ र घातक कीटनाशकहरूको प्रयोगले हाम्रो माटोलाई रोगी बनायो । यसले क्षणिक रूपमा उत्पादन बढाएजस्तो देखिए पनि माटोका मित्र जीवाणुहरूलाई सखाप पार्‍यो । परिणामस्वरूप, अहिको हाम्रो उत्पादनमा प्राणशक्ति छैन । प्राणहीन र विषाक्त अन्न खाएर बाँचेका नेपालीहरूको शरीरमा रोग प्रतिरोध क्षमता क्षीण हुँदै गएको छ । आज नेपालका घरहरू अस्पतालका एकाइझैं बनेका छन् । घरैपिच्छे बिरामी, घरैपिच्छे औषधिको भारी । यो महासंकटबाट उन्मुक्ति नै स्वास्थ्य र अर्थतन्त्रको निकास हो । विष खरिद गर्ने र सेवन गर्ने वर्तमान अवस्थाबाट सरकारले नागरिकलाई मुक्ति दिन सक्दैन भने त्यो नेपालीको सरकार होइन, विदेशी विषादी माफिया र दलालहरूको संगठन हो भन्दा अत्युक्ति हुँदैन । अविलम्ब रासायनिक मल, उन्नत बिउ र कीटनाशकको आत्मघाती परनिर्भरताबाट मुक्ति दिने हाम्रो प्राचीन पराशरीय आत्मनिर्भर कृषि प्रणालीमा फर्कनै पर्छ । सुर्खेतको बद्रीचौरस्थित जनज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद सिग्देलले शिक्षा र कृषिका क्षेत्रमा जुन अनवरत नवप्रवर्तन र क्रान्तिकारी प्रयोगको दीप प्रज्वलित गर्नुभएको छ त्यसले आज सिंगो नेपाली शिक्षा प्रणाली र कृषि अर्थतन्त्रलाई सचेत बनाएको छ । पढ्दै कमाउँदै र माटोमा रमाउँदैको त्यो साँचो व्यावहारिक मन्त्रलाई कर्ममा उतार्ने विचार र पसिनाको सम्मान गर्नु राज्यको अपरिहार्य कर्तव्य हो । देश अब केवल दार्शनिक गफ, कागजी योजना र मञ्चका भाषणबाजीले चल्दैन । देश त माटोमा गाडिएको हलो र विद्यार्थीहरूको सुकोमल श्रमले बन्छ । बद्रीचौरको त्यो माटोमा कोरिएको पसिनाको सुगन्ध अब राष्ट्रिय नीति र राज्यको सर्वोच्च प्राथमिकता बन्नैपर्छ । पसिना बाटोमा, वैदेशिक मरुभूमिमा वा शहरका गल्लीहरूमा मात्र बगाउने परजीवी संस्कृतिको अब अन्त्य हुनुपर्छ । हरेक नागरिकको पसिना अनिवार्य रूपमा आफ्नै जन्मभूमिको माटोमा बग्ने सुदृढ वातावरण सिर्जना गर्नैपर्छ । यो पवित्र कार्यमा राज्यले अब कुनै पनि किसिमको आलटाल, ढिलासुस्ती, जालझेल वा छलछाम गर्न किमार्थ पाइँदैन । शिक्षालाई स्कुलको कोठाबाट निकालेर प्रकृतिको छाती र माटोको सुगन्धसँग नजोड्दासम्म न देश खाद्यान्नमा आत्मनिर्भर हुन्छ न युवाहरूको विदेश पलायन नै रोकिन्छ । त्यसैले, सुर्खेतका प्रधानाध्यापकको त्यो जीवनोपयोगी र उत्पादनमुखी विचारलाई अब राज्यले केन्द्रीय तहबाटै ऐन, कानुन र ठोस कार्यक्रममार्फत व्यवहारमा अनुवाद गर्नुपर्छ । देशलाई आत्मनिर्भर बनाउन समग्र शिक्षा प्रणालीलाई माटो र श्रमसँग जोड्नुपर्छ । किताबका पानामा मात्र सीप सीमित राख्ने होइन, पढ्दै कमाउँदै र माटोमा रमाउँदैको अभियानलाई देशव्यापीरूपमा विधिमार्फत लागू गर्नुपर्छ । एउटा विद्यार्थीले सानै उमेरदेखि माटोको माया गर्न र त्यसमा पसिना बगाउन सिक्छ तब ऊ भविष्यमा परजीवी होइन, स्वाधीन उत्पादक बन्छ । परिणामस्वरूप देश उत्पादनमा आत्मनिर्भर हुनसक्छ । माटोप्रतिको उपेक्षा र विषादीयुक्त भोजनको परिणामस्वरूप आज मानिसको शरीर रोगहरूको अखडा भयो । आधुनिक अस्पतालहरूले मानिसलाई पूर्णस्वास्थ्य दिइरहेका छैनन्, बरू औषधिको भरमा प्राण धान्ने काममात्र गरिरहेका छन् । शरीरमा प्राणशक्ति र रोग प्रतिरोधात्मक क्षमता नहुनुको मूल कारण हामीले अपनाएको कृत्रिम जीवनशैली र विषाक्त आहार हो । शरीरलाई प्राण दिने शक्ति प्रयोगशालाका रसायनमा होइन, माटोमा उत्पादित अर्गानिक अन्न र फलफूलमा नै हुन्छ । अन्तत: पसिना बाटोमा बगाउने संस्कृतिलाई सदाका लागि बिदा गरेर माटोमा पसिना बगाउने संस्कार र संस्कृतिको विकास गर्नुको अब कुनै विकल्प छैन । सरकारले अभिभावकको भूमिका निर्वाह गर्दै नागरिकलाई उत्पादनका विविध एकाइहरूमा श्रमसँग अनिवार्य जोड्नुपर्छ । देश कुनै जादुको छडीले बन्दैन । यो त नागरिकको पसिना र माटोप्रतिको निष्ठाको संयुक्त अनुष्ठान हो । जबसम्म हामी बाटोको धुलोमा अल्मलिइरहन्छौं तबसम्म हाम्रो स्वाभिमानको दीप प्रज्वलित हुन सक्दैन । देशको माटोमा पसिना बगाउने महाअभियानलाई सफल पार्न अब केवल भावनात्मक कुराले हुँदैन । संस्थागत, कानुनी संरचना बन्नुपर्छ । युवापुस्तामा मौलाएको विसंगतिपूर्ण उपभोगवादी संस्कृति र बाटोको धुलोमा पसिना बगाउने प्रवृत्तिले हामीलाई वैचारिक रूपमा समेत परनिर्भर बनाइदिएको छ । जबसम्म हामी आफ्नै माटोको सुगन्धलाई चिन्न सक्दैनौं तबसम्म कुनै पनि राष्ट्रिय विकासका खाकाहरू सफल हुन सक्दैनन् । स्कुल र कलेजका पाठ्यक्रमहरूलाई पूर्णरूपमा श्रममुखी, उत्पादनमुखी र माटो केन्द्रित बनाउनु आजको अपरिहार्य आवश्यकता हो । प्रत्येक शैक्षिक संस्थामा सैद्धान्तिक ज्ञानभन्दा प्रयोगात्मक कृषि, जैविक मल निर्माण, वृक्षरोपण र अर्गानिक खाद्य उत्पादनलाई अनिवार्य अंकभारसहितको विषय बनाइनुपर्छ । यसले गर्दा भोलिका कर्णधारहरू डिग्री बोकेर रोजगारीको भिडमा भौंतारिनुको सट्टा आफ्नै खेतबारीमा स्वाभिमानको पसिना बगाउन सक्षम र उत्प्रेरित हुनेछन् । तसर्थ, पसिना बाटोमा होइन माटोमा बगाउने यो पवित्र संकल्पलाई प्रत्येक नागरिकको जीवनशैली, राज्यको नीतिगत प्राथमिकता र राष्ट्रिय स्वाभिमानको मुख्य आधारस्तम्भ बनाउनैपर्छ । पसिना माटोमा बगाउने अभियान केवल कृषि कर्ममा सीमित नरही समग्र राष्ट्रिय अर्थतन्त्र र सामाजिक रूपान्तरणको मेरुदण्ड बन्नुपर्छ । जबसम्म देशका युवा शक्तिले उत्पादनसँग जोडिएर आफ्नै पसिनाबाट गाउँबस्तीलाई हराभरा बनाउँदैनन्, तबसम्म मुलुकमा समृद्धि र स्थायित्वको परिकल्पना गर्नु मृगतृष्णा साबित हुनेछ । बाटोमा गरिने अनुत्पादक श्रम र सडकका आन्दोलनले मानिसलाई तात्कालिक उत्तेजना त दिनसक्छ तर दीर्घकालीन जीवन दिन सक्दैन । यो यथार्थलाई फदयंगम गर्दै अब राज्यले प्रत्येक स्थानीय निकायमा माटो परीक्षण, जैविक मल उत्पादन केन्द्र र अर्गानिक उपज संकलन केन्द्रहरूको स्थापनालाई युद्धस्तरमा अगाडि बढाउनुपर्छ । किसानहरूलाई राज्यले जैविक मल, बिउ र बजारको उचित प्रत्याभूति गराउनुपर्छ जसले गर्दा उनीहरूको पसिनाको सही मूल्य प्राप्त हुन सकोस् । सामूहिक रूपान्तरणले नै देशलाई परनिर्भरताको अभिशप्त चक्रव्यूहबाट मुक्त गर्छ । तसर्थ, बाटोको धुलोमा पसिना सुकाएर निराश हुनुभन्दा आफ्नै माटोको सुगन्धमा पसिना बगाएर सुन फलाउने क्रान्तिको यो महाअनुष्ठानमा सम्पूर्ण नेपालीहरूले बिना संकोच सहभागी हुनैपर्छ । यही राष्ट्रिय पुनर्जागरणको एकमात्र वास्तविक र अकाट्य मार्ग हो । इतिहासका पाना पल्टाएर हेर्दा जुन समाजले आफ्नो श्रम र उत्पादनको सुगन्धलाई भुलेर परनिर्भरतामा बाँच्न खोज्यो, त्यो समाज कालान्तरमा पतनको गर्तमा जाकिएको छ । आज नेपाली समाजमा देखिएको नैतिक पतन, वैचारिक स्खलन र परनिर्भरताको यो कहालीलाग्दो अन्धकारलाई चिर्न केवल भाषण र नारामार्फत परिवर्तनको दाबी गर्नु आत्मप्रतारणाबाहेक अरू केही हुनसक्दैन । परिवर्तनका लागि त गाउँका गल्लीदेखि शहरका चौबाटासम्म, शिक्षण संस्थाहरूका कोठादेखि सिंहदरबारको निर्णय कक्षसम्म माटोप्रतिको अगाध प्रेम र पसिनाको इमानदार संस्कृतिको सुवास फैलिइनुपर्छ । जबसम्म हामी विदेशी आयातित रसायन र विषादीको मोहबाट पूर्णरूपमा मुक्त भएर आफ्नै स्थानीय जैविक मल, प्राचीन पराशरीय कृषि ज्ञान र प्राकृतिक जीवनशैलीको ढोका खोल्दैनौं, तबसम्म हाम्रो राष्ट्रिय स्वाभिमानको भवन बलियो बन्न सक्दैन । कुनै बहानामा ढिलासुस्ती नगरिकन, व्यक्तिगत अहंलाई तिलाञ्जली दिएर, सिंगो राष्ट्रलाई सुखी, समृद्ध, निरोगी र स्वाधीन बनाउने महान् यज्ञमा आ-आफ्नो स्थानबाट समर्पित गरौं ।

*-इहिमालय डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समाजमा नयाँ जिम्मेवारी मिल्नेछ। कलाको क्षेत्रमा विशेष सफलता प्राप्त होला। | **तुला**: कार्यक्षेत्रमा सम्मान बढ्नेछ। उद्योग व्यापारबाट विशेष फाइदा मिल्नेछ। |
| **वृष** : योजनाको सुरुवात गर्न सक्नुहुनेछ। कार्यक्षेत्रमा सोचेजस्तो सहायता नमिल्ला। | **वृश्चिक** : ज्ञानलाई निखार्ने अवसर रहेको छ। पशुधन वा कृषिबाट लाभ पाइनेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा रुचिगत कार्यमा मन लाग्नेछ। नोकरीमा मनमुटाव हुन सक्ला। | **धनु** : सरकारी नोकरीमा पदको प्रभावले लाभ मिल्नेछ। सामानको सुरक्षा स्वयं गरौं। |
| **कर्कट** : राम्रो सफलताले उत्साहित हुनुहुनेछ। सुख सुविधामा धन खर्च हुनेछ। | **मकर** : स्वास्थ्यमा ध्यान राख्नुहोला। वित्तीय वा सहकारी संस्थाबाट लाभ मिल्ला। |
| **सिंह** : नकरात्मक मानसिकताले विपरीत प्रभाव पर्नेछ। अरुको लागि धन खर्च गर्नुपर्ला। | **कुम्भ**: व्यक्तिहरूसँग मित्रता बढ्नेछ। अवसरवादीहरूबाट सावधान रहनुहोला। |
| **कन्या** : बुद्धि र विवेकको प्रयोग गरेर अगाडि बढ्नुहोस्। नयाँ अवसर मिल्नेछ। | **मीन** : आवश्यक पर्दा सहयोगीहरूले साथ दिनेछन्। परीक्षामा सफलता मिल्नेछ। |




कथा • बद्रीप्रसाद तिवारी

# विवाह जो सरिरहेको छ



किशोरावस्थामा प्रवेश गर्दागर्दै सारिकालाई लाग्न थाल्यो, महिलाको जीवनमा पाइला-पाइलामा काँडा छन् । घरपरिवार, स्कूल, छरछिमेक, बाटोघाटो र सामाजिक परिवेशमा महिलाप्रति गरिने व्यवहार पुरुषप्रतिको व्यवहारभन्दा फरक थियो । सारिका यो भिन्नता देखिरहेकी र भोगिरहेकी थिई । स्कूलबाट साँझ नपर्दै घर आइपुग्नुपर्ने, घरको काममा आमालाई सघाउनुपर्ने र कतै जानुपर्दा बुबाआमाको अनुमति लिनुपर्ने नियम उसका भाइहरू अजय र सम्राटलाई लागू हुँदैनथ्यो । उनीहरूलाई सबै छुट थियो । कहिलेकाहीँ सारिका आमासँग लाडिँदै सोध्थी, “मम्मी, मलाई र भाइहरूलाई किन फरक-फरक मापदण्ड ? म र भाइहरूमा के फरक छ र ?” “तिमी छोरी हौ नि ! पछि तिम्रो विवाह हुन्छ । अर्काको घर सम्हाल्नुपर्छ । भाइहरूजस्तै भएर हिँड्यौ भने मान्छेले कुरा काट्छन् । तिम्रो विवाह गर्न गाह्रो हुन्छ, छोरी ।” आमाका वात्सल्यपूर्ण औंलाहरू सारिकाको कपाल सुमसुम्याउँथे । कक्षा बाह्र पास गरेपछि घरबाट टाढाको क्लेजमा गएर सूचना प्रविधि पढ्ने सारिकाको इच्छा थियो । तर बुबाले घरबाट आउजाउ गर्न सकिने क्लेजमा उसलाई बी.एस्सी. पढ्न भर्ना गरिदिए । त्यसको अर्को वर्ष उसको ठूलो भाइ इन्जिनियरिङ पढ्न घरबाट निकै टाढा गयो । फेरि उसले छोरी हुनुको विभेद भोग्नुपर्‍यो । यसलाई विभेद भनूँ या नियति ! प्रथम वर्षको परीक्षा सकेर फुर्सदिला दिनमा सारिकाले केही साहित्यिक र नारीवादी पुस्तक पढी । सानैदेखिको उसको साहित्यप्रतिको रुचि झन् बढ्दै थियो । राधा, रामायण, गौरी, मुनामदन र तरुणतपसी उसले स्कूल पढ्दादेखि नै पढेकी थिई । रामायण त भाका हालेर बुबाआमालाई सुनाउने पनि गर्थी । यसैबीच सारिकाको विवाहको कुरा चल्न थाल्यो । विवाह भएमा पढाइ र भविष्य दुवै अन्धकार हुने उसलाई लाग्यो । कम्तीमा बी.एस्सी. सकेर जागिर खान थालेपछि मात्र विवाह गर्नुपर्छ भन्ने उसको सोच थियो । आजसम्मको भोगाइले उसलाई सिकाएको थियो– जति सहनशील र डरपोक भइन्छ, त्यति नै प्रतिकूल र अनिच्छित निर्णयहरू जीवनमा थोपिँदै जान्छन् । त्यसपछि जीवन फुटबलजस्तै बन्छ, जो गुडिरहन्छ तर त्यसको दिशा र गति अरूले नै तय गर्छन् । विवाह पनि शिक्षा, पेसा वा घर बनाउनेजस्ता सहज परिवर्तनको विषय होइन । बुबाआमाको विवाहको प्रस्ताव र आफ्नो पढाइबीच छनोट गर्नुपर्ने भएपछि सारिका प्रतिवाद गर्ने अठोटमा पुगी । एक दिन उसले भनी, “मेरो इच्छा स्नातकोत्तरसम्म पढ्ने हो । तपाईंहरू पढाउनुहुन्छ भने पढ्छु । होइन भने पनि बी.एस्सी. गरेर जागिर नखाई म विवाह गर्न चाहन्नँ । भोलि दुःख पाएँ भने तपाईंहरूको पनि त मन रुन्छ होला नि ! दुई-तीन वर्षपछि विवाह गर्दैमा के फरक पर्छ र?” “हैन छोरी, अस्ति तिमीलाई हेर्न आएको केटा जागिरे छ । सानो परिवार छ, शहरमा घर छ । राम्रो केटा पाउन सजिलो छैन । फेरि, हामी पनि आफ्नो सास रहँदै तिम्रो विवाह गरिदिन पाए हुन्थ्यो भन्ने चाहन्छौं,” बुबाले सम्झाए । बुबाको सम्झाउने प्रयासले सारिकालाई लाग्यो, अब एकअर्कालाई बुझ्ने-बुझाउने समय सकिन लाग्यो । यो क्षणमा दृढ हुन नसके उसको अगाडिको यात्रा हिउँले पुरिएर बन्द भएको बाटोजस्तै हुनेछ । उसले भनी, “बुवा, पढाइ सकेर जागिर नखाएसम्म विवाह गर्न कर नगर्नुहोस् । छोरीको यति सानो इच्छा पनि पूरा गरिदिनुहुन्न ?” दृढ हुन खोज्दाखोज्दै पनि सारिकाका आँखा रसाइसकेका थिए । विद्रोहको ज्वालामुखी ओकलूँलाजस्तो भएको उसको मन क्षणभरमै कमजोर भयो । भावावेशले गला अवरुद्ध भयो । शब्द निस्केनन् । अनपेक्षित परिस्थितिले वातावरण बोझिलो बनायो । सारिकाका आँसु भरिएका आँखा र अवरुद्ध गलाले बुबाको मन पनि भारी भयो । आमा छोरीको नजिक आइन् र कपाल सुमसुम्याउँदै भनिन्, “भइहाल्यो नि त ! छोरीको इच्छा छैन भने उसको लक्ष्य पूरा भएपछि विवाह गरौंला । आफ्नै खुट्टामा उभिन सकेपछि उसको जीवन सुखी हुन्छ । विवाह गरेर गएको घरमा पनि बेग्लै इज्जत हुन्छ, त्यहीअनुसार व्यवहार हुन्छ । पढ्न नपाएकाले मैले यो घरमा वर्षौंसम्म कति बुहार्तन सहनुपर्‍यो !” जीवनमा दूरगामी प्रभाव पार्ने घटनामध्ये सारिकाको चाहना र निर्णय पहिलोपटक स्वीकार गरिनु पनि एउटा महत्त्वपूर्ण घटना थियो । यसले उसलाई ठूलो सन्तुष्टि र खुशी दियो । उसलाई लाग्यो, आफ्नो निर्णय आफैँ गर्नुपर्छ, अरूको जिम्मामा छोड्नु हुँदैन । त्यसो गर्न सके निर्णयको परिणामप्रति आफैँ जिम्मेवार हुन सकिन्छ । सफलता वा असफलता दुवैलाई सहज रूपमा स्वीकार्न र अर्को लक्ष्य बनाएर अघि बढ्न सकिन्छ । आफूप्रतिको आत्मविश्वास र लक्ष्यप्रतिको लगनशीलता सारिकामा झन् बढ्दै गयो । अध्ययन, विवाह र जागिरबीचको द्वन्द्वसँग जुध्दै उसले तत्कालका लागि आफ्नो लक्ष्य हासिल गरी । एक वर्षभित्रै बी.एस्सी. विज्ञानमा प्रथम श्रेणीमा उत्तीर्ण भएर शिक्षक सेवामा स्थायी नियुक्ति पाई । उसका बुबाआमा यही समयको व्यग्र प्रतीक्षामा थिए । फेरि विवाहको प्रसङ्ग चल्न थाल्यो र चिना हेराउने क्रम पनि सुरु भयो । सारिका मानसिक रूपमा विवाहका लागि तयार थिई । तर उसले एम.एस्सी. रसायन विज्ञान पढ्न छात्रवृत्ति पाएकी थिई । त्यसैले बिहान पढ्ने र दिउँसो स्कूलमा पढाउने काम सँगसँगै अघि बढाइरहेकी थिई । उसलाई लाग्थ्यो, मेहनत, लगनशीलता र दृढ आत्मविश्वासले सफलता प्राप्त गर्न सकिन्छ र लक्ष्य हासिल गर्न सकिन्छ । सफलता पनि अनौठो हुन्छ । नपाउँदासम्म के हो, कहाँ हो जस्तो लाग्छ पाएपछि फेरि अर्को सफलता हासिल गर्ने हुटहुटी चल्न थाल्छ । सारिकाको जीवनमा विवाहको कुरा चल्ने, टुट्ने र फेरि अर्कोसँग कुरा अघि बढ्ने क्रम चलिरह्‍यो । सारिका कहिलेकाहीँ सोच्थी– विवाहको क्रममा दुवै पक्षले एकअर्काबारे अप्रत्यक्ष रूपमा जानकारी लिन्छन् । उपयुक्त लागे भेटघाट हुन्छ र निष्कर्षमा पुगिन्छ । तर जीवनको सबैभन्दा महत्वपूर्ण निर्णय लिन यति नै पर्याप्त छ त ? एकअर्काको बानीबेहोरा, चालचलन, रुचि र भिन्नतालाई सहज रूपमा स्वीकार गर्दै माया र स्नेहको दियो निरन्तर बाल्न सकिन्छ कि सकिँदैन भन्ने कसरी थाहा हुन्छ ? बाहिरी व्यवहार र क्षणिक औपचारिकतामा त जोसुकैले पनि शिष्टता र नम्रता देखाउन सक्छ । एक हिसाबले विवाहको निर्णय जुवाको खालमा च्याँखे दाउ थापेजस्तै रहेछ । दाउ आफ्नो पक्षमा परे गुलियो मिठाई, नत्र नीमपत्ताको रस ! सारिका परम्परागत मागी विवाहको विकल्पबारे पनि सोच्थी । प्रेम विवाह पनि कहाँ सजिलो छ र ! नेपाली समाजमा प्रेम विवाह तुलनात्मक रूपमा कम सफल हुन्छ भन्ने सुनिन्थ्यो । जति सोचे पनि उसले विवाहका अन्य विकल्प भेट्टाउँदिनथी । अनिश्चितता र भयको डोरीमा झुल्दाझुल्दै सारिकाले जागिर सुरु गरेको पनि दुई वर्ष भयो । उसले एम.एस्सी.को परीक्षा दिइसकेकी थिई । केटा हेर्ने क्रममा एकान्तमा भेटघाटको अवसर दिईँदा सारिका चार वर्षअघिको तुलनामा निकै स्पष्ट रूपमा आफ्ना कुरा राख्थी । पहिले ऊ लजाउँथी र अप्ठ्यारो मान्दै सोधिएका प्रश्नको छोटो उत्तर दिन्थी । आफूले केटालाई के सोध्नुपर्छ भन्ने पनि उसलाई थाहा हुँदैनथ्यो । तर अब परिस्थिति फेरिएको थियो । आफूलाई हेर्न आउने केटाहरू र तिनका आमाबुबासँग सारिका समान हैसियतमा प्रस्तुत हुन्थी । केटापक्षका कतिपय अभिभावक र आफन्तलाई उसको यो व्यवहार स्वीकार्य हुँदैनथ्यो । त्यसैले विवाहको कुरा निष्कर्षमा पुग्दैनथ्यो । तर सारिका आफ्नो अडान र प्रस्तुतिमा परिवर्तन गर्न चाहन्नथी । किनकि निरन्तर प्रतिकूलतासँग जुध्दै उसले आफ्नो स्वाभिमान र स्वतन्त्र अस्तित्व बनाएकी थिई । जीवनको सबैभन्दा मूल्यवान् प्राप्तिलाई अर्को महत्त्वपूर्ण प्राप्तिसँग साट्न पनि ऊ चाहन्नथी । आफ्नो स्वतन्त्र अस्तित्व र स्वाभिमानसँग सम्झौता नगरी आफूलाई सम्मान गर्ने र वास्तविक जीवनसाथीका रूपमा स्वीकार गर्ने व्यक्ति कतै न कतै भेटिएला भन्ने उसलाई विश्वास थियो । आत्मसम्मान र स्वतन्त्र अस्तित्वको मूल्य चुकाएर विवाह गर्नुभन्दा विवाह नगर्नु नै सुखद हुन्छ भन्ने निष्कर्षमा सारिका पुगेकी थिई ।

*-साहित्यपोष्ट डटकम*

हास्यव्यङ्ग्य • गायत्री लम्साल

# भाइरल एक्सप्रेस !

> *सरकारी असलाले सितैमा पाएको अलकत्रा खाएको जस्तो, प्राइभेट जिनिसले अर्गानीक भनेर बेचेको काठको धूलोको मसला खाए जस्तो, जेरीमा अलिकति चिनी थपेजस्तो, काँचो आँपमा अलिकति चुक थपेजस्तो, लोभको भाँडोमा अलिकति च्याल सहितको थुक थपेजस्तो खिचडी स्वाद निकै मिठो कस्तो- कस्तो । अँ साच्ची यसको जन्म ठ्याक्कै यही दिन भयो भनेर त ज्योतिष जि.पि.टी. लाई सोध्दा समेत उत्तर पाइएन । तैपनि अनुमान लगाउन के भो र ? मल्लकाल, शाहकाल, राणकाल, एकतन्त्रकाल, बहुतन्त्रकाल, प्रजातन्त्रकाल हुँदै लोकतन्त्रकालमा समेत बहुरुपी भएर रहेको छ । कहिले उफ्रन्छ । कहिले नाच्छ, कहिले हाँस्छ । कहिले रुने कराउने मात्र होइन केहीदिन हराउँछ । यसको बीऊ नै निकै गतिलो परेछ क्या ।*

आहा नेपाली वन, नेपाली पन र नेपाली मनमा हलक्कै मल्किने खुराकको नाम हो भाइरल एक्सप्रेस । महोदयहरुले होइन भन्ने हिम्मत ननिकाल्नुभएकै वेश । बरु मुखले मात्र होइन नाक, कान, आँखा, घाँटी समेत मिसाएर यसैमा रमाउने, आफूलाई पुग्ने कमाउने सजिलो एक्सरसाइजमा लाग्नुहोला हस् । तथ्याङ्को डाटामा कृषिप्रधान होस् कि बेरोजगार प्रधान, कुरा कम्पनी होस् कि अल्छि उद्योग सबैले जहाँतँही सजिलै सर्वव्यापी रुपमा चलाउन सक्ने भनेको भाइरल एक्सप्रेस नै त हो । नाकको दुइटा प्वालबाट निस्केको सिँगान उडाउन नसक्नेले समेत भाइरल एक्सप्रेस गुडाउन सक्छन् । यसको स्वादका कुरा सुन्नुहुन्छ भने पनि कम्ति मिठो त छैन हजुर । सरकारी असलाले सितैमा पाएको अलकत्रा खाएको जस्तो, प्राइभेट जिनिसले अर्गानिक भनेर बेचेको काठको धूलोको मसला खाए जस्तो, जेरीमा अलिकति चिनी थपेजस्तो, काँचो आँपमा अलिकति चुक थपेजस्तो, लोभको भाँडोमा अलिकति च्याल सहितको थुक थपेजस्तो खिचडी स्वाद निकै मिठो कस्तो- कस्तो । अँ साच्ची यसको जन्म ठ्याक्कै यही दिन भयो भनेर त ज्योतिष जि.पि.टी. लाई सोध्दा समेत उत्तर पाइएन । तैपनि अनुमान लगाउन के भो र ? मल्लकाल, शाहकाल, राणकाल, एकतन्त्रकाल, बहुतन्त्रकाल, प्रजातन्त्रकाल हुँदै लोकतन्त्रकालमा समेत बहुरुपी भएर रहेको छ । कहिले उफ्रन्छ । कहिले नाच्छ, कहिले हाँस्छ । कहिले रुने कराउने मात्र होइन केहीदिन हराउँछ । यसको बीऊ नै निकै गतिलो परेछ क्या । त्यही भएर अहिलेको शाहकालमा त झन् यो भाइरल एक्सप्रेस द्रुतगतिमा विश्वभ्रमण गर्न निक्केको छ । नाम नै काफि छ यसको । रुप, गुण, विशेषता त कति छन् कति । यसको स्वाद चाखेपछि आधुनिक वयस्क बच्चाबच्चीले आठ/दश वटा गल्स फ्रेण्ड र ब्वाइज फ्रेण्डलाई छोड्लान् तर भाइरल एक्सप्रेसलाई अँ - हँ छोड्दैनन् । जन्मेर आफ्नो घरको भन्याङ् चढ्नुभन्दा पहिला यही एक्सप्रेस चढ्न थाल्छन् । हाम्रा पालामा घर पहिलो पाठशाला हो भनेको सुनियो अहिले यिनका पालामा त भाइरल एक्सप्रेस नै सबैको जन्मनुभन्दा पहिलादेखिको पाठशाला हो भन्दा चित्त भन्ने कुरो बुझाउनु भएकै वेश । यसैमा हिँड्दाहिँड्दै मायाप्रेम चल्छ । लिभिङ टुग्यादर अनि इनगेजमेन्ट टुग्यादर हुँदै विवाह टुग्यादर हुन नभ्याउँदै सन्तान टुग्यादर जन्मन्छ । उसले विचरा भाइरल एक्सप्रेसको माफ गर्नोस् एक्स प्रेस मात्र होइन वाइ-प्रेसको यात्रा गर्भाधारण गरेको दिनबाट नै शुरु गर्छ । हो मानियो, विकासले छलाङ मारेपछि त सबै कुरामा उन्नति नै उन्नति, प्रगति नै प्रगति । उहिलेको पालामा ठूलाबडाले आशिष दिँदा डाक्टर भएस्, इन्जिनियर भएस् भन्थे तर निकै कम मात्र हुन्थे । अहिलेको पालामा हेर्नोस् त ? दुनियाँ व्यस्त छ । आशिष दिने फुर्सद छैन तर हरेक क्षेत्रमा डाक्टर नै डाक्टर, इन्जिनियर नै इन्जिनियर । हजुरहरु कन्फ्युज हुनु भो कि ? स्पष्ट पार्ने अनुमति माग्दछु है त । हरेक दिन सोसल मिडिया हेर्नोस् त सबै डाक्टर भेटिन्छन् । यसो भए यसो गर्नोस्, यो खानोस्, यी पाँच वटा कुरा बिहान खाली पेटमा खानुभयो भने बूढो कहिल्यै हुनुपर्दैन । यो चाँसलाई एकपटक नाक्ले छोएपछि सबै खाले रोग समाप्त । योग गर्नोस्, ध्यान गर्नोस्, भोग गर्नोस् अकालमा होइन काल नै आएपछि पनि कोही नमर्नोस् । म भनेको सर्वदलिय डाक्टर हुँ । मेरा कुरा नमान्ने र लाइक, कमेण्ड, सस्काइब, सेयर नगर्नुभए तपाईं एक युग पछि पर्नुहुन्छ । मेरियास्तै कति धेरै डाक्टर हुन् । सोसल मिडियामा मात्र कहाँ हो र हजुर ? आन्दोलन मिडिया, माइतिघरमा बस्ने हिँडिया, भाइरल सपले मोनिटाइज भएका देखि हनि-ट्र्यापले हनिटाइज भएका सबैले गर्ने काम भनेको डाक्टर र इन्जिनियर के हो । अँ- साँच्ची यी पुराना डाक्टर इन्जिनियरले गर्ने भनेको त बिरामीको अप्रेशन र घर बनाउने नक्सा मात्रै त हो । आजका नयाँ डाक्टर र इन्जिनियरले गर्न नसक्ने काम केही पनि छैन । महान् छन् आधुनिक डाक्टर । सदाचार, नैतिकता, इमानदारिता, मानवता लगायत यी र यस्ता सबैखाले खराब कामकुराहरुको अप्रेशन फटाफट सक्छन् । त्यो पनि दिनमा अंकगणितिय र रातमा ज्यामितिय अनुपातमा । यत्ति मात्र कहाँ हो र हजुर । आजका भाइरल एक्सप्रेसमा काम गर्ने डाक्टरहरुको गुणगान कसरी गर्ने क्या । आफूलाई त चाकरी र चाप्लुसी बाहेक केही गर्न आउँदैन । गरिबीको होइन गरिबको अप्रेसन त्यो पनि अहिलेको नयाँ दुरबिन प्रविधिबाट नसकिने भो भाइरल एक्सप्रेसका डाक्टरहरु सँग । बेरोजगारीको होइन बेरोजगारहरुको अप्रेशन, भ्रष्टाचारको होइन सदाचारको अप्रेसन, विकृति र विसंगतीको होइन संस्कृति र सभ्यताको अप्रेशन, मुलुकको खैरोसूचीलाई कालोसूचिमा पार्ने अप्रेशन, इन्धन र इन्जिनबाट चल्ने गाडिहरुलाई विना इन्धन, विना इन्जिन, विना ब्रेक मात्र एक्सिलेटरबाट कुदाउने अप्रेशन, अनुभवहिनतामा पि.एच.डी. गरेका विशिष्टहरुलाई पटक पटक कायदा र फाइदाका पोष्टमा गोल गर्न फिडाउने अप्रेशन यी र यस्ता अप्रेशन गर्नलाई कसैले पनि जित्न सक्दैन आजका भाइरल एक्सप्रेसका डाक्टरहरुलाई । डाक्टरहरुमात्र होइन इन्जिनियरहरु पनि केही मानेमा कमजोर छैनन् । त्यो भन्दा अझ विशिष्ट मापधारण शक्तिले ओतप्रोत भएका छन् । घर बनाउने नक्सा मात्र होइन देश बनाउने नक्सा सजिलै एकैछिनमा बनाइदिन्छन् । छिमेकीलाई हेर्ने झ्याल आधुनिक बनाउँदा खोज्दा त्यो नक्साको चुच्चो भाग कहिले फाल्छन्, कहिले हाल्छन्, कहिले सार्छन । गर्छन् क्या गजब । आखिर भाइरल एक्सप्रेसका इन्जिनियर हुन् रिस गरेर के गर्नु ? “काम भन्ने कुरो नगरे पछि आलुमा तालु फल्छ ” भन्थे हो रहेछ । अहिलेको हाम्रो भाइरल एक्सप्रेस नचलेको र नफलेको ठाउँ कहीँ बाँकि छैन । एताउता, तलमाथि, भित्रबाहिर, देशविदेश, मात्र कहाँ हो र यत्रतत्र सर्वत्र भाइरल एक्सप्रेस । गेटमा यही छ, रेटमा यहीँ छ, भेटमा यहीँ छ जेटमा यहीँ छ । सरकार यसैमा, नागरिक यसैमा, निजी क्षेत्र यसैमा ,बिजी क्षेत्र यसैमा, विकास यसैमा, निकास यसैमा, किसान यहीँ, व्यापारी यहीँ, नेता र नेतृत्व यहीँ, बैंक तथा वित्तीय संस्था यहीँ, शिक्षक तथा शैक्षिक संस्था यहीँ.....मैले विर्सेका मात्र होइन हजुरहरुले विर्सनुभएका जति सबै यहीँ पर्नेपछि अब गर्नलाई र पर्नलाई के बाँकी छ र हजुर ? हामी सबै भाइरल एक्सप्रेसका यात्रीहरु । यसलाई चिनेको हामीहरुले नै हो । यसलाई किनेको हामीहरुले नै हो । आफूले किनेको सामान, आफ्नो अमूल्य मूल्य परेको सामान जस्तो भए तापनि राम्रो लाग्नु हाम्रो साझा विशेषता हो । यसैमा नहिँडेर के गर्नु ? यसमै नगुडेर के गर्नु ? हाम्रो एक्सप्रेस, हामी सबैको राम्रो एक्सप्रेस एकोहोरो कुदेको कुदै छ । न त ब्रेक थिच्नुपर्छ, न त हरन बजाउनुपर्छ, न त एक्सिलेटर दवाउन । किनेको दिनदेखि नन्स्टप हुँइकिएको हुँयकेइ छ । नारायणघाट मुग्लिङ्गो बाटो पहिरो खसेर केही लछारपाटो लाउँदैन । अब त हाम्रो नयाँ भाइरल एक्सप्रेसमा चढिन्छ । देशको पूर्व पश्चिम दुई कुनाको यात्रा मात्र होइन हजुर अन्तरिक्षतिर समेत बसाई सरिन्छ । भाइरल एक्सप्रेस चलाउने यात्रीहरुलाई भव्य शुभकामना । यो यात्रा फलदायी रहोस् । कहिँकतैबाट कसैले चोट पुऱ्याउन नसकोस् । आफैले निकै मन पराएर किनेको यो एक्सप्रेसलाई छ्या बेकाममा लिइएछ भन्ने नपरोस् । एकोहोरो नन्स्टप कुदेको कुदेई गर्दा यसले हाम्रा विकासका सपनाहरुलाई नकुचोस् । दाँयाँबाँयाका घुम्तीहरु समेत नहेरी कुद्ने एक्सप्रेसले यसैको विश्वासमा कुरेर बसेका आफ्ना यात्रीहरुलाई नगुमाओस् । दुःखी, गरीब, बेसहारा, वृद्ध र फरक क्षमता हुनेहरु चलिरहेको एक्सप्रेसमा झ्याप्पै चढ्न सक्दैनन् यसमा विशेष ध्यान पुऱ्याइओस् । समग्रमा भाइरल एक्सप्रेस नाममात्रको एक्सप्रेस नबनेर कामको एक्सप्रेस बनोस् हाम्रो तर्फबाट गाईजात्रा पर्वको उपलक्ष्यमा भाइरल एक्सप्रेसलाई हाईजात्राको भव्य शुभकामना ।

*-समकालिन साहित्य डटकम*

# मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु



**कपिलवस्तु,** कात्तिक ११/कपिलवस्तुको वाणगंगा नगरपालिका-३ तीनकुनेस्थित सडकमा मोटरसाइकलको ठक्करबाट एक जना पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा वाणगंगा नगरपालिका-४ गजेहडाकी ६३ वर्षीया जलिया थारू रहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

प्राप्त विवरणअनुसार, बुधबार बिहान तीनकुनेस्थित सडकमा लु.१ ब ३४१६ नम्बरको मोटरसाइकलले पैदल हिँडिरहेकी थारूलाई ठक्कर दिएको थियो । मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएकी थारूलाई उपचारका लागि ठाकुरापुरस्थित युनाइटेड अस्पताल लगिएको थियो ।

अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी थारूको उपचारकै क्रममा ज्यान गएको प्रहरीले जनाएको छ । घटनापछि प्रहरीले मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएको छ । दुर्घटना कसरी भयो भन्ने विषयमा प्रहरीले आवश्यक अनुसन्धान अघि बढाएको छ । सडकमा सवारीसाधन चलाउँदा चालकले विशेष सावधानी अपनाउनुपर्ने तथा पैदलयात्रीको सुरक्षामा ध्यान दिनुपर्ने यस घटनाले पुन: स्मरण गराएको छ । दुर्घटनाको थप विवरण तथा घटनाको वास्तविक कारणबारे प्रहरीको अनुसन्धानपछि स्पष्ट हुने अपेक्षा गरिएको छ ।

# सहकारीले गाउँमै दूध सङ्कलन...

...हाल सहकारीले किसानबाट दैनिक ७५० लिटरभन्दा बढी दूध सङ्कलन गर्दै आएको संस्थाका अध्यक्ष गुरुप्रसाद खनालले बताए । संस्थाका सदस्यलाई अनिवार्य र अन्य किसानले चाहेमा दूध लिने गरिएको उनको भनाइ छ । अध्यक्ष खनाल स्वयंले पनि पशुपालन गर्दै आएका छन् । उनले दैनिक १०० लिटरभन्दा बढी दूध उत्पादन गर्दै आएको बताए । उनको फार्ममा अहिले सानाठूला गरेर २० वटा गाई छन् । "किसानबाट भैंसीको ८० रुपैयाँ र गाईको दूध ७० रुपैयाँ लिटर खरिद गर्दै आएका छौँ", अध्यक्ष खनालले भने, "आफूहरूले होलसेलमा भैंसीको ८५ रुपैयाँ र गाईको दूध भने ७५ रुपैयाँ लिटर बिक्री गर्ने गरेका छौँ ।" यसअघि किसानले भैंसीको ७५ र गाईको ६३ रुपैयाँ लिटरमा बिक्री गर्दै आएका थिए । किसानबाट खरिद गरिएको दूध सहकारीमा आबद्ध सदस्यले सञ्चालन गरेको डेरीमै दिने र बाँकी अन्य डेरीलाई पनि दिने गरिएको उनको भनाइ छ । चैतदेखि तिहारसम्म डेरीहरूले जति पनि दूध सङ्कलन गरिदिने र त्यसपछि दूध बिक्री गर्न समस्या हुने भएकाले सहकारीमार्फत यो कार्यक्रमको थालनी गरिएको उनले बताए । भोलिका दिनमा सहकारीकै डेरी सञ्चालन गरी बिक्री गर्ने योजनासमेत रहेको उनको भनाइ छ । अझै पनि किसानले पर्याप्त मूल्य नपाएको हुँदा भविष्यमा किसानलाई फाइदा हुने हिसाबले काम गर्ने उनले बताए । दूध एनालाइजर मेसिन लिएर त्यसअनुसार किसानलाई मूल्य दिने योजना रहेको उनले सुनाए । हाल यस सहकारी संस्थामा एक हजार ३०० सदस्य रहेका छन् । जसमा ४०० सदस्यले सहकारीबाट दूध बिक्री गर्ने गरेका छन् । घरैपिच्छेका किसान दूध बेच्न घोराही बजार आउँदा समस्या भएपछि सहकारीले दूध सङ्कलन गरेर बिक्री गर्दा सहज भएको किसान बताउँछन् । ***-रासस***

# दुना-टपरी उद्योगमा जुटे...

...उद्योगमा उत्पादित सानो दुना खुद्रामा प्रतिगोटा दुई रुपैयाँ र थोकमा १०० वटाको १९० रुपैयाँमा बिक्री हुने गरेको छ । चारकुने टपरी खुद्रामा प्रतिगोटा सात रुपैयाँ र थोकमा छ रुपैयाँमा बिक्री गरिन्छ । लाफा खुद्रामा १३ रुपैयाँ र थोकमा ११ रुपैयाँमा बिक्री हुने गरेको उनले जानकारी दिइन् । उत्पादित दुना-टपरीको माग स्थानीय बजारमा मात्रै सीमित छैन । बाहिरी जिल्लाबाट समेत माग आउने गरेको सञ्चालक रेग्मीले बताइन् । बजारका चाट पसल तथा पूजासामग्री पसलसँग सम्पर्क गरेर उत्पादन बिक्री गर्ने गरिएको उनको भनाइ छ । "सुरुआती चरणमै धेरैले उत्पादन राम्रो लागेको प्रतिक्रिया दिनुभएको छ । गाउँ-गाउँबाट दिदीबहिनीहरूले पात ल्याउनुहुन्छ । बर्खामा पात पाउन कठिन हुने भएकाले अहिले नै संकलन गरेर गोदाममा राखेका छौँ," रेग्मीले भनिन्, "उद्योगमा लागेपछि आयस्रोत पनि भएको छ । पहिले टपरी बुन्न सिकेका थियौँ, अहिले मेसिनको सहायताले आफैँ उत्पादन गर्न सक्ने भएका छौँ ।" उद्योगमा रिता शर्मा पौड्याल, राधा पौड्याल, ईश्वरीदेवी कोइराला, सरस्वती जिसी लगायतका महिलाहरु समेत आवद्ध छन् । बजारमा दुना-टपरीको माग बढ्दै गए पनि आवश्यक कच्चा पदार्थ र मेसिनको अभावमा मागअनुसार उत्पादन गर्न कठिन भइरहेको उनीहरु बताउँछन् । सालका रूख प्रशस्त भएका वन क्षेत्रमा समेत पात संकलन गर्ने जनशक्ति अभाव हुँदा उत्पादन प्रभावित हुने गरेको उनीहरुको भनाई छ । उद्योगकी सचिव कल्पना पोखरेल खनालले वडा कार्यालयबाट एउटा मेसिन सहयोग प्राप्त भए पनि बजारको मागअनुसार उत्पादन बढाउन थप सहयोग आवश्यक रहेको बताइन् । स्थानीय सरकारले थप मेसिन र कच्चा पदार्थ व्यवस्थापनमा सहयोग गरे उद्योग विस्तार गर्न सहज हुने उनको भनाइ छ । "पहिले घरमा बसेर दिन बित्थ्यो, अहिले दिदीबहिनीहरू भेला भएर काम गर्दा आम्दानी पनि भएको छ । वनमा खेर जाने पात र खाली समयको सदुपयोग गरेर एक जनाले मासिक पाँच हजार रुपैयाँसम्म कमाउने गरेका छन्," खनालले भनिन् । उनका अनुसार बजारमा वर्षभरि नै दुना-टपरीको माग हुने गरेको छ । उद्योगबाट हुने आम्दानीले महिलालाई घरखर्च चलाउन र आफ्ना आवश्यकता पूरा गर्न सहयोग पुगेको छ । प्लास्टिकबाट बनेका भाँडाको प्रयोग घटाउन र वातावरणमैत्री सामग्रीको प्रवर्द्धन गर्न स्थानीय सरकारले पनि भूमिका खेल्नुपर्ने उनको सुझाव छ । दुना टपरीले एकातिर नेपाली मौलिक संस्कृतिको संरक्षणमा योगदान पुऱ्याएको छ भने अर्कोतिर स्थानीय स्तरमै रोजगारी र आम्दानीका अवसर सिर्जना गर्ने सम्भावना पनि बढाएको छ । विशेषगरी विवाह, व्रतबन्ध, पूजाआजा, धार्मिक अनुष्ठान, भोजभतेर तथा विभिन्न सांस्कृतिक कार्यक्रममा यसको प्रयोग हुँदै आएकाले दुना-टपरीको महत्व आज पनि उत्तिकै छ । आधुनिकतासँगै बजारमा प्लास्टिक र अन्य कृत्रिम सामग्रीबाट बनेका भाँडाकुँडाको प्रयोग बढ्दै गएको भए पनि वातावरणमैत्री र प्राकृतिक सामग्रीको प्रयोगप्रति बढ्दो चासोले दुना-टपरीको महत्वलाई पुन: उजागर गरेको छ । पूजापाठमा प्रसाद चढाउन, भोजभतेरमा खाना खुवाउन तथा विभिन्न शुभकार्यमा यसको प्रयोग गरिँदै आएको छ ।

## खेलकुद समाचार

# माओलाई 'तानाशाह' भनेकोमा एम्बाप्पेले माफी मागे




**काठमाडौं,** कार्तिक ११/फ्रान्सेली राष्ट्रिय फुटबल टोलीका कप्तान किलियन एम्बाप्पेले चिनियाँ नेता माओ त्सेतुङलाई 'तानाशाह' भनेको विषयमा माफी मागेका छन् । रियल मड्रिडका फरवार्ड एम्बाप्पेले वक्तव्य निकालेर आफ्नो टिप्पणीले चीन र विश्वभर रहेका चिनियाँ समुदायका मानिसलाई चोट पुगेको बताएका छन् । एउटा भिडियो अन्तर्वार्तामा एम्बाप्पेलाई आफूलाई सबैभन्दा धेरै हँसाएको इन्टरनेट मिमबारे सोधिएको थियो । एम्बाप्पेले आफ्नो अनुहार चीनका पूर्वनेता माओको तस्वीरमा जोडिएको मिमबारे बोलेका थिए । त्यस क्रममा उनले माओलाई 'तानाशाह' भनेर टिप्पणी गरेका थिए । एम्बाप्पेको यो टिप्पणी सार्वजनिक भएपछि चीनमा चर्को आलोचना भएको थियो । साथै उनीसँग व्यावसायिक साझेदारी गरेका कम्पनीहरूले सहकार्य अन्त्य गर्नै घोषणा गरेका थिए । विवादपछि चीनका सरकारी टेलिभिजनले एम्बाप्पे सहभागी खेल र स्पेनिश ला लिगाका कार्यक्रम प्रसारण गर्न रोकेको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएका छन् । साथै उनी देखिएका विज्ञापन पनि हटाइएका छन् । माओलाई आधुनिक चीनका संस्थापक नेताका रूपमा सम्मान गरिन्छ । चीनमा उनलाई लक्षित व्यङ्ग्यलाई संवेदनशील विषय मानिन्छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# शेयर बजार बढ्यो



**पाल्पा,** कार्तिक ११/साताको तेस्रो सेयर कारोबार दिन बुधबार सेयर बजारमा उच्च अंकको वृद्धि देखिएको छ । नेप्से परिसूचक ३३ दशमलव २९ अंकले बढेर २६६४ दशमलव शून्य ६ विन्दुमा पुगेको हो ।

अघिल्लो दिन मंगलबार नेप्से परिसूचक शून्य दशमलव ९४ अंकले बढेर २६३० दशमलव ७६ विन्दुमा पुगेको थियो । त्यसअघि सोमबार नेप्से परिसूचक ४ दशमलव ३४ अंकले घटेर २६२९ दशमलव ८२ विन्दुमा अडिएको थियो । सो दिन ४ अर्ब २४ लाख बराबरको सेयर कारोबार भएको थियो । नेप्से परिसूचक उच्च अंकले बढ्दा कारोबार रकम पनि मंगलबारको तुलनामा वृद्धि भएको छ । मंगलबार ५ अर्ब ७९ करोडको कारोबार भएकोमा बुधबार ७ अर्ब ४५ करोडमाथिको सेयर कारोबार भएको छ । यसदिन ३४८ स्क्रिप्सको १ करोड ९३ लाख ९७ हजार ५४८ कित्ता सेयर ७ अर्ब ४५ करोड ८६ लाख ७७ हजार ३६८ रुपैयाँमा खरिदबिक्री भए । बेनी हाइड्रोपावर प्रोजेक्टको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । बुटवल पावरको सेयर १० दशमलव ६० प्रतिशतले बढ्दा सुपर खुदी हाइड्रोपावरको ६ दशमलव २६, एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्टको ६ दशमलव २२ र युनियन हाइड्रोपावरको ५ दशमलव ८६ प्रतिशतले बढ्यो । कारोबारमा आएकामध्ये २४१ वटा स्टक्सको मूल्य बढ्दा ३५ वटाको घट्यो । ३ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । कारोबार रकमका आधारमा लिबर्टी इनर्जी कम्पनी शीर्षस्थानमा रह्यो । सो कम्पनीले ३२ करोड मूल्य बराबरको कारोबार गर्यो । धलेम्दी हाइड्रोले २८ करोडको कारोबार गर्दा बुटवल पावरले २६ करोड,अपी पावर र सोलु हाइड्रोपावरले १९/१९ करोड मूल्य बराबरको कारोबार गरे । ट्रेडिङ समूहको उपसूचकबाहेक बाँकी अरु समूहको उपसूचक सकारात्मक देखिएका छून् । यसदिन हाइड्रोपावर समूहको उपसूचक सर्वाधिक २ दशमलव शून्य ६ ले बढ्यो ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक झडेवा गा.वि.स.-६ खापुक, हाल माथागढी गाउँपालिका-४ निवासी भारतिय भू.पू.सैनिक नं. 5345427 K का HAV भेष बहादुर थापा (ना.प्र.मा भेष बहादुर थापा वराल) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा धन कुमारी थापा र जन्म मिति सन् १९७० फेब्रअरी १५ (वि.स.२०२६/११/०४) र नेपाली नागरिकता प्रमाणपत्रमा धन कुमारी वराल, जन्म मिति वि.स. २०२६/११/०३ (सन् १९७० फेब्रअरी १४) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई